# फलफूल प्रोसेसिङ्ग प्लान्ट स्थापना कार्यक्रम संचालन कार्यविधि (प्रथम संशोधन,२०७४)२०७४

नेपाल सरकार (सचिवस्तर) मिति २०७४।१०।०३
को निर्णयानुसार स्वीकृत

## प्रस्तावनाः

नेपालको भौगोलिक तथा हावापानीको विविधताको कारण याहाँ संसारमा पाईने प्रायःजसो प्रमुख फलफूलहरुको खेती गर्न सकिन्छ । देशको करिव दुई तिहाई जनसंख्या कृषिमा आश्रित रहेको र कुल ग्रहस्थ उत्पादन (GDP) करिब एक तिहाई हिस्सा भन्दा वढी योगदान पुर्याई रहेको वर्तमान कृषि क्षेत्रको कूल कृषि ग्राहस्थ उत्पादन (AGDP) मा करिव एक चौथाई योगदान वागवानी उपक्षेत्रको रहेको र यस मध्ये करिव आधा हिस्सा योगदान फलफूल जन्य उत्पादनवाट हुने गरेको देखिन्छ । फलफूल खेतीको प्रशस्त संभावना हुँदाहुँदै पनि फलफूल खेतीको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वमा गति लिन सकेको छैन । प्रतिवर्ष ताजा फलफूल तथा प्रशोधित परिकारको आयात पनि वढ्दो अवस्थामा रहेको देखिन्छ । यसको प्रमुख कारण फलफूलको वजारीकरणमा कमजोरी हुनु पनि एक रहेको छ । फलफूलको वजारीकरणमा असर पार्ने तत्वहरुमा यातायात, गुणस्तर तथा प्रशोधनले प्रमुख भूमिका खेलेको हुन्छ । यसै परिप्रेक्षमा नेपाल सरकार कृषि विकास मन्त्रालयले वि.स. २०७५ लाई फलफूल वर्ष र आ.व. २०७३।०७४ देखि आ.व. २०८२।०८३ सम्म फलफूल दशक मनाउने लक्ष्य लिएको छ । यसै सन्दर्भमा चालु आ.व. २०७४।०७५मा किवीफल र ग्राउण्ड एप्पलको प्रोसेसिङ्ग प्लान्ट स्थापनाको लागि मेशिनरी तथा भवन बनाउने कार्यक्रमलाई सहजीकरण गर्न यो कार्यविधि तयार गरि लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम "फलफूल प्रोसेसिङ्ग प्लान्ट स्थापना कार्यक्रम संचालन कार्यविधि (प्रथम संशोधन,२०७४) २०७४" रहेको छ । यो कार्यविधिमा फलफूल प्रोसेसिङ्ग प्लान्ट स्थापना गर्नको लागि आवस्यक पूर्वाधारहरु मेशिनरी तथा भवन निर्माण कार्य गर्न निजी उद्यमी, कृषक समुह, कृषि सहकारी अथवा कम्पनीलाई अनुदान उपलब्ध गराउने कार्य समेटिएकोछ ।

(ख) यो कार्यविधि नेपाल सरकारवाट स्वीकृत भएपछि तुरुन्त लागु हुनेछ ।

### २. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "पूर्वाधार" भन्नाले फलफूल प्रोसेसिङ्ग प्लान्टको स्थापनाको लागि आवस्यक पर्ने प्रयोगशाला, प्रसोधन मेसिनरी, भवन, ग्रेडिङ्ग तथा प्याकेजिङ्ग आदि भन्ने वुझिनेछ ।

(ख) "परियोजना" भन्नाले सम्वन्धित फलफूल प्रशोधनको लागि आवश्यक पूर्वाधार निर्माणकार्यलाई सम्झनुपर्दछ ।

(ग) "फलफूल" भन्नाले उष्ण प्रदेशिय फलफूल (आँप, लिची, केरा मेवा आदि), उपोष्ण प्रदेशिय फलफूल (सुन्तलाजात फलफुल जस्तै सुन्तला, जुनार, कागती आदि), समशितोष्ण प्रदेशिय फलफूल जस्तै अनार, लप्सी, किवी, ग्राउण्ड एप्पल, हजुवावेद, आरुवखडा, नास्पती आदी), र शितोष्ण प्रदेशिय फलफूल (स्याउ, ओखर, खुर्पानी आदि पर्दछन् ।तर यस पटकको कार्यविधीले किवी/ग्राउण्ड एप्पललाई समेटेको छ ।

(घ) "निजी उद्यमी" भन्नाले यस कार्यविधि अनुरुप नेपाल सरकारवाट फलफूल प्रशोधनको लागी आवस्यक प्रयोगशाला, ग्रेडिङ्ग प्लान्ट, प्रशोधन मेसिनरी, सेड हाउस, प्याकिङ्ग हाउस, आदि जस्ता पूर्वाधार विकास गर्ने उद्धेश्यले आवेदन दिने निजी कम्पनी सम्झनुपर्दछ ।

(ङ) "प्रस्ताव" भन्नाले उद्यमीले फलफूल प्रशोधनको लागी आवस्यक पर्ने प्रयोगशाला, सेड हाउस, प्रशोधन केन्द्र, प्याकिङ्ग आदि पूर्वाधारहरु विकास गर्नकालागि अनुदान पाउन पेश गरेको आवेदन सम्झनुपर्दछ ।

(च) "अनुदान" भन्नाले उद्यमीले फलफूल प्रशोधनको लागी आवस्यक पर्ने प्रयोगशाला, सेड हाउस, प्रशोधन केन्द्र, प्याकिङ्ग प्लान्ट आदि पूर्वाधारहरु विकास र संचालन गर्नकालागि सहयोग पुर्याउन उपलव्ध गराईने नगद तथा वस्तुगत सहयोग सम्झनुपर्दछ ।

(छ) "कृषक समुह" भन्नाले सम्वन्धित सरकारी निकायमा दर्ता भएको कृषक समुहलाई जनाउँदछ ।

(ज) "कृषि सहकारी" संस्था भन्नाले सहकारी ऐन तथा नियमावली वमोजिम सम्वन्धित निकायमा दर्ता भएको संस्थालाई सम्झनुपर्दछ ।

(झ) "कम्पनी" भन्नाले निजी क्षेत्रका कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भएको कम्पनी भन्ने बुझ्नुपर्दछ ।यस शब्दले घरेलु तथा साना उद्योग विभाग वा अन्तर्गतका निकायमा दर्ता भएको उद्योग समेतलाई जनाउदछ ।

(ञ) "कार्यालय" भन्नाले कार्यक्रम संचालन हुने सम्वन्धित फार्म केन्द्र, निर्देशनालयहरु तथा सम्वन्धित कार्यलय सम्झनु पर्दछ ।

(ट) "फार्म/केन्द्र"भन्नाले कार्यक्रम संचालन हुने कृषि विभाग अन्तर्गतका कार्यक्रम निर्देशनालयहरु तथा अन्तर्गतका वागवानी केन्द्रहरु सम्झनु पर्दछ ।

(ठ) "केन्द्र स्तरका कार्यक्रम"भन्नाले कृषि विभाग अन्तर्गतका कार्यक्रम निर्देशनालयहरु र अन्तर्गतका वागवानी केन्द्रबाटसूचना निकाली संचालन गरिने कार्यक्रम सम्झनुपर्दछ ।

(ड) "जिल्ला स्तरका कार्यक्रम" भन्नाले अख्तियारी प्राप्त गरि जिल्लास्तर कार्यालय, फार्म केन्द्रवाट संचालन हुने कार्यक्रम संचालन सम्झनुपर्दछ ।

(ढ) "निर्देशनालय" भन्नाले कृषि विभाग अन्तर्गतका विभिन्न कार्यक्रम निर्देशनालयहरु सम्झनुपर्दछ ।

३.कार्यविधिको उद्धेश्यः

(क) निजी क्षेत्रमा फलफूल प्रोसेसिङ्ग प्लान्ट स्थापनाका लागि प्रयोग हुने सेड हाउस, प्रयोगशाला, प्रशोधन मेसिनरी, प्याकिङ्ग हाउस लगायतका पूर्वाधारहरु स्थापना गर्ने ।

(ख) फलफूलको उत्पादन तथा वजारीकरणमा सहज वनाउने ।

(ग) फलफूल प्रशोधन गर्न निजी उद्यमी, कृषक समूह, कृषि सहकारी तथा कम्पनीलाई सक्षम वनाउने ।

(घ) फलफूलको उत्पादन उप्रान्त हुने क्षती न्यूनीकरण गर्ने ।

## परिच्छेद २
## कार्यक्रम संचालन सम्वन्धि

**४.सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्ने**

(क) यस कार्यविधि अनुरुप संभाव्य र आवस्यक पर्ने जिल्ला तथा क्षेत्रहरुमा फलफूल प्रशोधनको लागी अवस्यक पर्ने सेड हाउस, प्रयोगशाला, प्रशोधन मेसिनरी, प्याकिङ्ग जस्ता पूर्वाधारहरु स्थापना र संचालन गर्ने कार्यमा सरकारका तर्फवाट सहयोग पुर्याउन अनुदान दिने उद्धेश्यले सम्वन्धित कार्यालयले ३० दिनको म्याद दिई राष्ट्रिय पत्रिकामा प्रस्ताव आह्वान गरी अनुसूची १ अनुसारको सूचना प्रकाशन गर्नेछ ।

(ख) उपदफा (क) वमोजिम सूचना प्रकाशन भए अनुरुप उद्यमीले दफा ५ वमोजिमका सवै कागजात संलग्न गरी अनुसूची २ वमोजिमको आवेदन प्रस्ताव सम्वन्धित कार्यालयमा पेश गर्नुपर्नेछ ।

**५. आवेदन दिन आवस्यक योग्यताः**

यस कार्यविधि अनुरुप फलफूल प्रशोधनकालागि अनुदान उपलव्ध गराउने सम्वन्धि निर्माण कार्यका लागि देहाय बमोजिमका सबै योग्यता पुगेका निजी उद्यमी,कृषक समुह,कृषि सहकारी तथा कम्पनीहरुले अनुसूची २ अनुसार आवेदन दिन सक्नेछन्।

क) आवेदक कम्पनी, समुह, सहकारी, निजि उद्यमीकानुन बमोजिम दर्ता भई तथा स्थायी लेखा नम्वर लिएको, संस्था दर्ता भएको अघिल्लो आर्थिक बर्ष पुरा भएको, साधारणसभा गरेर बार्षिक लेखा परिक्षण गरेको हुनु पर्ने, संस्था कालो सूची नपरेको,नियमित रुपमा लेखा परिक्षण गराएको, सरकारी कर चुक्ता गरेको ।

**आवेदक कृषक समुहको हकमा संलग्न हुनु पर्ने कागजातहरु :**

- कृषक समुह दर्ता भएको एक बर्ष पुगेको हुनुपर्ने ।
- समुह दर्ताको प्रमाण-पत्रको प्रतिलिपी

**आवेदक कृषि सहकारीको हकमा संलग्न हुनु पर्ने कागजातहरु :**

- कृषि सहकारी दर्ता भएको एक बर्ष पुगेको हुनुपर्ने ।
- साधारणसभा गरेर बार्षिक लेखापरिक्षण गरेको हुनुपर्ने ।
- कृषि सहकारी संस्था दर्ताको प्रमाण-पत्रको प्रतिलिपी ।

**आवेदक कम्पनीको हकमा संलग्न हुनु पर्ने कागजातहरु :**

- कम्पनी दर्ता भएको एक बर्ष पुगेको हुनुपर्ने ।
- कम्पनी दर्ताको प्रमाण-पत्रको प्रतिलिपी ।
- कम्पनी कालो सूचीमा नपरेको ।
- स्थायी लेखा नम्वर लिएको ।
- सरकारी कर चुक्ता गरेको ।

ख) फलफूल प्रशोधन केन्द्र स्थापनातथा भवन निर्माण गर्न जग्गाको व्यवस्था कमपनी कै नाममा वा कम्तीमा १५वर्ष भाडामा लिएको वा उपलव्ध गराईएको मन्जुरनामा पत्रतथा प्रोसेसिङ्ग प्लान्ट स्थापना गर्न सकिने अवस्था रहेको जस्तै विजुली, पानी, बाटो, आदिको व्यवस्था भएको जग्गा आवेदकले आफै व्यवस्था गर्नुपर्ने।

ग) फलफूल प्रशोधन केन्द्रको लागि आवश्यक पर्नेमेशिनरी/औजार खरिद, स्थापनातथा भवन निर्माण गर्न कार्य योजना र कम्तिमा ५० प्रतिशत लागत अंश व्यहोर्ने क्षमता भएको हुनुपर्नेछ।

घ) वित्तिय संस्थावाट लगानी गर्ने प्रतिवद्धता-पत्र पेश गर्नुपर्नेछ ।

**६.परियोजना मूल्याकंन तथा सिफारिस समितिको गठन व्यवस्था:**

निर्देशनालय स्तरमा कार्यक्रम वजेट रहेको अवस्थामाअनुदानका लागि पेश हुन आएका प्रस्तावहरुको मूल्याकंनतथा अनुदानको लागि सम्वन्धित कार्यालयलाई सिफारिस गर्न तपसिल वमोजिमको५ सदस्यिय मूल्याङ्कन तथा सिफारिस समिति गठन गरिनेछ।

| | |
|---|---|
| क)कार्यक्रम निर्देशक, सम्वन्धित कार्यक्रम निर्देशनालय | अध्यक्ष |
| ख) सम्वन्धित कार्यक्रम रहेको कार्यालयको आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ग) सम्वन्धित कार्यक्रम रहेको कार्यालयको योजना शाखा प्रमुख | सदस्य |
| घ) सम्वन्धित कार्यक्रम रहेको कार्यालयको खरिद ईकाई प्रमुख | सदस्य |
| ङ) सम्वन्धित कार्यक्रम रहेको कार्यालयको कार्यक्रम हेर्ने अधिकृत | सदस्य सचिव |

समितिले आवश्यकता अनुसार बढीमा ३ जना विषय विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।



सचिव

फार्म केन्द्र स्तरमा कार्यक्रम वजेट रहेको अवस्थामा

| | |
|---|---|
| १) फार्म प्रमुख | अध्यक्ष |
| २) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ३) जिल्ला कृषि विकास कार्यालय प्रतिनिधि | सदस्य |
| ४) वागवानी विकास अधिकृत अथवा कार्यक्रम हेर्ने कर्मचारी | सदस्य सचिव |

समितिले आवश्यकता अनुसार बढीमा ३ जना विषय विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

**७. मूल्यांकन तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकारः**

(क) सम्वन्धित कार्यालयमा प्राप्त परियोजनाहरुको स्थलगत अनुगमन, निरिक्षण तथा मूल्याङ्कन गरि सफल भएका परियोजनालाई सम्झौताको लागि सम्वन्धित कार्यालयलाई सिफारिस गर्ने ।

**८.प्रस्ताव स्विकृती गर्नेः**

मूल्यांकन तथा सिफारिश समितिको सिफारिसका आधारमा सम्वन्धित कार्यालय प्रमुखले परियोजना प्रस्ताव स्वीकृत गर्नेछ ।

## परिच्छेद ३
## अनुदान रकम स्वीकृती र संझौता

९. स्वीकृत बजेटको अधिकतम २.५ प्रतिशत रकम कन्टिन्जेन्सि कटाई बाँकी रकम परियोजना निर्माण संचालन उपकरण सामाग्री ढुवानी समेतको लागि कार्यक्रममा उल्लेख भए वमोजिम रकम अनुदान दिईनेछ ।

१०. स्वीकृत बजेट मध्ये कन्टिन्जेन्सि वापत राखीएको अधिकतम २.५ प्रतिशत रकम कार्यक्रम संचालन गर्ने कार्यालयले सूचना प्रकाशन गर्ने,स्टेशनरी, अनुगमन, बैठक भत्ता आदिमा खर्च गरिनेछ ।

११. समितिबाट सिफारिस प्राप्त भए पछि सो को आधारमा कार्यालयले उद्यमीसँग अनूसूची ५ अनुसार प्रतिवद्धता लिई अनुसूची ६ बमोजिमको संझौता गरि कार्यादेश दिनेछ ।

सचिव

## परिच्छेद ४
## अनुदान उपलब्ध गराउने र खर्च गर्ने विधि

**१२. अनुदान प्रवाह विधिः**

क) परियोजना स्थापना र सन्चालन कार्यको प्रस्तावकले लागत बरावरको निर्माण तथा खरिद कार्य गरि सकेपछि निर्माण कार्यको वील र स्वीकृत कार्य सम्पन्नभएको प्राविधिक र स्थलगत अनुगमन रिपोर्टको आधारमा २.५प्रतिशत कन्टिन्जेन्सि कटाई बाँकी रकम काम तथा मूल्याकंनअनुसार,समितिको सिफारिसमा अनुदान रकम उद्यमीलाई एकाउन्ट पेयी चेकबाट बढीमा ३ किस्तामा उपलव्ध गराईनेछ ।

ख) यस कार्यबिधि अनुरुप उपलव्ध हुने अनुदान सम्वन्धि अभिलेख सम्वन्धित कार्यालयले राख्ने छ र सो को प्रगति विवरण सम्वन्धित निर्देशनालय/कार्यालयमा पठाउनुपर्नेछ ।

**१३. उद्यमीले पालना गर्नु पर्ने शर्तहरुः**

क) उद्यमीले यस कार्यविधि अनुसार निर्माण हुने कामको विवरण, लागत सम्पन्न अवधि इत्यादिको होर्डिङ्ग बोर्ड निर्माण स्थलमा राख्ने व्यव्स्था गर्नुपर्नेछ ।

ख) यस कार्यविधि अनुरुप अनुदान प्रास गर्ने उद्यमीले निर्माण कार्यको तोकिएको प्राविधिकबाट सम्पन्न कामको निरीक्षण गराइ मेजरमेन्ट बुक राखी वील बनाउने व्यवस्था गर्नुपर्नेछ ।

ग) सम्वन्धित उद्यमीले सम्पन्न गरेको काम र खर्चको प्रतिवेदन मासिक तथा चौमासिक रुपमा सम्वन्धित कार्यालय/निर्देशनालयमा पेश गर्नुपर्नेछ र कार्यालय तथा निर्देशनालयले मासिक तथा चौमासिक रुपमा कृषि विभाग तथा मन्त्रालयमा पठाउनुपर्नेछ ।

घ) कार्य सन्चालनका क्रममा उद्यमीले कृषि विभाग, सम्वन्धित फार्म केन्द्र लगायत जिल्ला कृषि विकास कार्यालयहरुबाट दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।

ङ) नेपाल सरकारले चाहेमा जुनसुकै बखत उद्यमीको निर्माण र सन्चालन कार्यको हिसाव सम्वन्धि किताव हेर्न सक्नेछ । हिसाव देखाउनु सम्वन्धित उद्यमीको दायित्व हुनेछ ।

च) फार्म संचालनमा व्यवसायी योजना तयार गर्नुपर्नेछ ।

छ) फार्म/व्यवसायमा वा प्रशोधन कारखानामा उत्पादन भएका उत्पादनहरुको विवरण माग भएको अवस्थामा सम्वन्धित निकायमा उपलव्ध गराउनुपर्नेछ ।

सचिव

## परिच्छेद ५
## अनुगमन र विविध

**१४. अनुगमन व्यवस्थाः**

क) अनुदान प्राप्त परियोजना स्थापना र सन्चालनको अनुगमन कृषि विकास मन्त्रालय, कृषि विभाग, सम्वन्धित कार्यक्रम निर्देशनालय, सम्वन्धित बागबानी विकास केन्द्र, जिल्ला कृषि विकास कार्यालयले संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै पनि गर्नेछन् ।

ख) दफा क) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख/प्रतिबेदन कार्यालयले सुरक्षित राख्नुपर्नेछ।

ग) दफा क) बमोजिम लिएको निर्देशन पालना गर्नु उद्यमीको कर्तब्य हुनेछ ।

**१५. उत्पादन, वितरण र गुणस्तर नियन्त्रणः**

क) अनुदान प्राप्त उद्यमीले कम्तीमा ५ बर्ष अविछिन्न रुपमा प्रशोधन कारखाना/उद्योगबाट उत्पादन गर्नुपर्नेछ ।

ख) सम्बन्धित प्राविधिक अधिकृत/बिज्ञबाट अनुगमन निरिक्षण गराई प्रयोगशाला परिक्षण गराई बेच्न योग्य प्रमाणित भएपछि मात्र सम्बन्धित कार्यालय/निर्देशनलायको समन्वयमा बिक्रीबितरण गर्नुपर्नेछ ।

**१६. कारवाहीको व्यवस्थाः**

क) यस कार्यविधि अनुरुप रकम लिई दुरुपयोग भएको पाईएमा वा रकमको हिसाव नवुझाएमा त्यस्ता उद्यमीलाई प्रचलित कानून बमोजिम नेपाल सरकारले कारवाही गरि असुल उपर गर्नेछ ।

ख) प्रशोधन उद्योग कम्तीमा १५ बर्ष संचालन गर्नुपर्नेछ । १५ बर्ष अगावै बन्द गरिएमा बाँकी रहेको अवधीको दामासाहीले हुने रकम ब्याज सहित असुलउपर गर्नुपर्नेछ ।

**१७. बाधा उड्काउ, निरुपण, खारेजी एवं संशोधनः**

क) यस कार्यविधि कार्यान्यिवनमा केही बाधा अड्चन आईपरेमा वा विवाद उत्पन्न भएमा सो को निरुपण प्रचलित कानून बमोजिम हुनेछ । कृषि विकास मन्त्रालयको व्याख्या अन्तिम हुनेछ ।

ख) यस कार्यविधि कृषि विकास मन्त्रालयले आवश्यकता अनुसार संशोधन तथा खारेज गर्न सक्नेछ ।

सचिव

अनुसूची १

**......................... परियोजना स्थापनाको अनुदानको सम्वन्धमा प्रस्ताव आव्हानको सूचना**

यस निर्देशनालय/केन्द्र/कार्यालयको आर्थिक बर्ष २०७..../७.... को बार्षिक स्वीकृत कार्यक्रम अनुसार .................... स्थापनाको कार्यक्रम रहेको हुँदा ईच्छुक ........................... निजी उद्यमी, कृषक समुह, कृषि सहकारी, तथा कम्पनीहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०दिन भित्र यस कार्यालयमा तोकिएको ढाँचा (अनुसूची २) अनुसारको कागजातहरु संलग्न राखी आवेदन एवं प्रस्ताव आव्हान गरिन्छ । प्रस्ताव बुझाउनका लागि तथा थप जानकारीका लागि सूचना प्रकाशन गर्ने कार्यालय वा सम्वन्धित जिल्लाको जिल्ला कृषि विकास कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ ।

सचिव

अनुसूची २

.............................परियोजना स्थापनाको अनुदानका लागि आवेदन फाराम

श्री ..........................................

। ....................................................

मेरो कृषि समुह तथा कृषि सहकारी संस्था/कम्पनीवाट ....................... गाउपालिका/नगरपालिका.................... जिल्ला अन्तर्गत .............स्थानमा .......................................परियोजना स्थापना गर्ने लक्ष्य रहेकोले सो का लागी लागत अनुमान रु........... मध्ये रु.................. मैले/हाम्रै संस्थावाट व्यहोरी बाँकी रु...................... अनुदान पाउने व्यवस्थाका लागि तपसिल वमोजिमका कागजातहरु राखी निवेदन पेश गरेको छु/गरेका छौ ।

सम्लग्न कागज पत्रहरु:

१.रु.१०। को टिकट टासेको अनुसूचि २ अनुसारको आवेदन ।

२.नेपाली नागरिकताको प्रतिलिपी ( प्रतिनिधीको )

३.उद्योग, समुह, संस्था/कम्पनी दर्ता तथा नविकरण भएको र स्थाई लेखा नम्वर लिएको प्रमाणको प्रतिलिपी

४.जग्गाको लालपुर्जा वा लिजमा लिएको भए सोको प्रतिलिपी

५, संलग्न हुने प्राविधिकको व्याक्तिगत विवरण

६.परियोजनाको पूर्वाधार(मेसिनरी औजार, भवन सहित) को डिजाईन तथा लागत अनुमान

७.परियोजनाको पूर्वाधार विकास निर्माण गर्ने कार्यतालिका

८.निजी फार्म, संस्था, कम्पनीमा हाल रहेको नगद मौज्दातको प्रमाण (Bank Statement) र लगानीका श्रोतको आधार।

९.सडक/विजुली र पानीको श्रोतको आधिकारिक प्रमाण (पुष्टि हुने कागजात)

१०.उत्पादन कार्ययोजनाको विवरण (अनुसूचि ४ वमोजिमको विवरण)

११.सेवा पुर्याउने व्यवसायिक क्षेत्रहरु

१२.संस्था/कम्पनी का साधारण सदस्य संख्याको विवरण

१३.सम्वन्धित काम गरेको आधिकारिक तथा अनुभवको प्रमाण पत्र(भएमा)

सचिव

१४. किवि/ग्राउण्ड एप्पल प्रशोधन कार्यको लागि आवश्यक पर्ने फलफूल संकलन हुने वा गर्ने योजना र सो को सम्भावना सम्वन्धि विवरण।

१५. उत्पादित वा प्रशोधित उत्पादन स्वदेश/विदेशमा कसरी बिक्री वितरण गर्ने वा हुने सो को खाका (Buy back) र सो सम्वन्धि आधार।

निवेदक

..................... फर्म , कम्पनी

............. कृषि सहकारी संस्था

ठेगानाः

फार्म/संस्थाको छाप

अनुसूची ३

# परियोजना स्थापना तथा संचालनको लागी अनुदान रकम उपलव्ध गराउने मूल्याङ्कन फारम

**१.परियोजना स्थापना गर्ने जग्गाको क्षेत्रफल सम्वन्धि व्यवस्था (२०)**

(क) जग्गाको क्षेत्रफल पर्याप्त भएको (५ रोपनी वा सो भन्दा भन्दा माथी ) कम्पनीको नाममा भएमा (२०)

(ख) जग्गाको क्षेत्रफल ३ देखि ५ रोपनी मात्र लिजमा १० बर्षभन्दा माथि भएमा (१५)

**२.परियोजना स्थापनाको लागी आवस्यक पूर्वाधार सम्वन्धि व्यवस्था (१०)**

(क) सडक विजुली र पानिको सुविधा पर्यात भएको (१०)

(ग) सडक, विजुली, पानीको व्यवस्था संभव भएको (९)

(ख) विजुली सुविधा भएको तरसडक र पानीको पर्याप्त सुविधा नभएको (८)

**३. परियोजनाको डिजाईन साईज र उपयुक्तता (१५)**

(क) उपयुक्तता -परियोजनाको स्पेसिफिकेसन अनुसार भएको र क्षमता पर्याप्त भएको (१५)

(ख) कम उपयुक्तपरियोजनाको स्पेसिफिकेशन अनुसार नभएको र क्षमता कम भएको (१०)

**४.किवी/ग्राउण्ड एप्पल फलफूलको क्षेत्र विस्तार संग सामान्जस्य हुन सक्ने संभावना (१५)**

(क) उत्पादन क्षेत्रमानै स्थापना भएको वा हुने भएको (स्पष्ट पारिनुपर्ने) (१५)

(ख) उत्पादन क्षेत्रको जिल्लामा स्थापना भएको वा हुने भएको (१०)

**५.प्रस्तावित परियोजनाको प्रस्तावको आर्थिक क्षमताको अवस्था (१५)**

(क) व्यहोर्नुपर्ने लागत अंश वेहोर्न सक्षम भएको पर्याप्त आधार देखिएको ( Bank Statement) (१५)

(ख) व्यहोर्नुपर्ने लागत अंश वेहोर्न संभाव्य देखिएको ( Letter of interest) (१०)

**६.उत्पादन योजनार उत्पादन संभाव्यताको अवस्था (१०)**

(क) आयोजना प्रस्तावको स्तर , काम गर्न सक्ने क्षमता र गुणस्तर (समानुपातिक)(१०)

**७. किवीफल तथा ग्राउण्ड एप्पलको वजारीकरण सम्वन्धि अनुभव (१५)**

क) योजना संचालन गर्न सम्वन्धित प्राविधिक भएमा (१५)

ख) योजना संचालन गर्न सम्वन्धित प्राविधिक नभएमा (८)

८. मूल्याङ्कन गर्दा अंक वरावर आएमा वा समितिले आवश्यक ठानेमा ३ वटा अग्रस्थानका निवेदकको फिल्ड भेरिफिकेशन गरि पेश भएका कागजात अनुसार भए नभएको प्रतिवेदनको आधारमा निर्णय गर्नेछ

सचिव

## अनुसूचि ४

## कार्ययोजना प्रस्तावको संक्षिप्त ढाँचा

१.कम्पनी को नाम ठेगाना:

२. परियोजनाको स्थान र क्षेत्रफल:

३. प्रशोधनको लागी प्रयोगहुने फलफूलको नाम:

४.फलफूल प्रशोधन सम्वन्धि संस्थाको अनुभव:

५.फलफूल प्रशोधनको विवरण:

| क्र.स. | प्रशोधित परिकारको नाम | ईकाई | परिमाण | अनुमानित लागत रु. | | |
|---|---|---|---|---|---|---|
| | | | | संस्थावाट व्यहोरिने | अनुदान माग | जम्मा |
| १. | फलफूल जुस | लिटर | | | | |
| २. | फलफूल वाईन | | | | | |
| ३. | फलफूलब्राण्डी | | | | | |
| | | | | | | |
| | | | | | | |
| | जम्मा | | | | | |

६.संलग्न हुने जनशक्तिको विवरण:

| क्र.स. | विवरण | संख्या | योग्यता | खर्च हुने रकम |
|---|---|---|---|---|
| १. | प्रयोगशाला तथा पूर्वाधार संचालन | | | |
| २. | प्राविधिक रेखदेख | | | |
| ३. | सुरक्षा | | | |

७. वार्षिक प्रशोधित परिकार उत्पादन अनुमान:

| क्र.स. | उत्पादित परिकारको विवरण | ईकाई | परिमाण | अनुमानित विक्री दर रु. | अनुमानित आय रु. |
|---|---|---|---|---|---|
| १. | फलफूल जुस | लिटर | | | |
| २. | फलफूलवाईन | | | | |
| ३. | फलफूल ब्राण्डी | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

नविन सोच केहि भए उल्लेख गर्ने :

**प्रस्तावकको**

नाम थरः

संस्थाको छापः

ठेगानाः

दस्तखतः

मितिः

(नोटः प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा विस्तृत रुपमा प्रस्ताव तयार गरि पेश गर्नु पर्दछ ।)

## अनुसूची –५

## प्रतिवद्धता पत्र

............. कार्यालयको मिति २०७............ को सूचना अनुसार फलफूल प्रशोधन उद्योग स्थापना गर्न ईच्छुक भई सो कार्यक्रममा सहभागिताका लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/छौ । उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने गरि घटीमा ................ बर्ष सम्म निरन्तरता दिनेछु/छौ । कार्य योजना अनुसारको कार्य नगरेमा वा ....... बर्ष भन्दा अगावै सो कार्यहरु बन्द गरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिवद्धता व्यक्त गर्दछु/छौं अन्यथा प्रचलित ऐन कानुन बमोजीम संहुला/बुझांउला । साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको र सन्चालित कृयाकलापबाट वातावरणलाई असर नपुर्याउने प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं । ईतिसम्वत २०७........गते रोज .... शुभम् ।

नाम, थरः

औंठाको छाप

| दाँया | बाँया |
| --- | --- |
| | |

संस्था भए संस्थाको नामः

वतनः

दस्तखतः

मितिः

संस्थाको छापः

सचिव

## अनुसूची ६

## संझौता पत्र

१. यो संझौता पत्र ............................................................... कार्यालय/निर्देशनालय (प्रथम पक्ष) र सम्वन्धित उद्यमी ............................................................ ( दोश्रो पक्ष) बीच ..................... .................. परियोजना स्थापना र संचालन गरि फलफूल प्रशोधन गर्ने कार्यका लागि प्रयोग हुनेछ ।

२. संझौता भएको मिति देखि यस सझौता प्रारम्भ भएको मानिनेछ ।

३. दोश्रो पक्षले संझौतामा उल्लेख भए बमोजिमका कार्यहरु संझौता भएको मितिले .......... दिन भित्र शुरु गर्नु पर्नेछ ।

४. प्रथम पक्षले दोश्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार बढीमा ३ किस्तामा संझौता बमोजिमको रकम उपलव्ध गराउनुपर्नेछ ।

५. प्रथम किस्ता भुक्तानीका लागि दोश्रो पक्षले कम्तीमा २५ प्रतिशत सम्मको प्रारम्भिक कार्य पुरा गरेको हुनुपर्नेछ । कम्तिमा ५० प्रतिशत कार्य भए पछि दोश्रो किस्ता र १०० प्रतिशत कार्य सम्पन्न भए पछि अन्तिम किस्ता रकम उपलव्ध गराउनुपर्नेछ ।

६. किस्ता भुक्तानी गर्दा सम्वन्धित प्राविधिकको मूल्याङ्कन तथा स्थलगत अनुगमन सहितको सिफारिसको आधारमा रकम भुक्तानी गरिने छ। दोश्रो पक्षले कार्य गर्दा प्राविधिकको निर्देशन अनुसार कार्य गर्नुपर्नेछ ।

७. अन्तिम किस्ता भुक्तानी गर्ने सम्वन्धमा प्राविधिक समितिले मूल्याङ्कन गरि अन्तिम वील सहितको कार्य सम्पन्न प्रतिवेदन (फोटो तथा श्रव्यदृष्य ) तयार गरि दोश्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नुपर्नेछ । प्रथम पक्षले रीतपूर्वकको सम्पूर्ण प्रतिवेदन तथा बीलहरु प्राप्त भए पछि भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ ।

८. दोश्रो पक्षले परियोजना क्षेत्रमा निर्माण कार्यको सार्वजनिक सुनुवाई गरेर मात्र निर्माण कार्य शुरु गर्नुपर्नेछ ।

.....................

**प्रथम पक्षका तर्फबाट**

नामः

पदः

कार्यालयको नाम र छापः

............................................

**दोश्रो पक्षका तर्फबाट**

नामः

पदः

संस्थाको नाम र छापः

**साक्षी**

नाम, थरः

ठेगानाः

**साक्षी**

नाम, थरः

ठेगानाः

सचिव